फोन नं. ०७९-५२०१५०,
फोन/फ्याक्स नं: ५२०४५७

रेसुङ्गा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
तम्घास, गुल्मी
५ नम्बर प्रदेश, नेपाल

प.सं. ०७५/०७६
चलानी नं. Ref. No

मितिः २०७५/०४/०१

सूचना । सूचना ॥ सूचना ॥।

यस रेसुङ्गा नगरपालिका अन्तर्गत स्थायी बसोवास गरी आएका, राज्यकोषबाट सुविधा प्राप्त नगरेका २०७६ साल फाल्गुन मसान्तसम्म ७० वर्ष उमेर पुरा गरी ७१ वर्ष लाग्ने इच्छुक जेष्ट नागरिकहरु तथा २०७६ साल फाल्गुन मसान्तसम्म ६० वर्ष उमेर पुरा गरी ६१ वर्ष लाग्ने इच्छुक दलित जेष्ट नागरिकहरुले अनिवार्य रुपमा २०७५ मंसिर १५ गते भित्र र अन्य लाभग्राही (अबिवाहित वा सम्वन्ध विच्छेद भएका ६० वर्ष पुरा गरेका एकल महिला, पतिको मृत्यु भएका जुनसुकै उमेरका विधवा महिला, रातो र निलो रंगको परिचय पत्र प्राप्त गरेका अपाङ्गता भएका व्यक्ति र दलित सुमादायका ५ वर्ष ननाघेका वालवालिका) ले जुनसुकै समयमा सम्वन्धित वडा कार्यालयमा रितपूर्वक दरखास्त दिनु हुन सूचित गरिन्छ साथै हाल भत्ता पाइरहनु भएका लाभग्राहीहरुले आगामी आ.व. २०७६/७७ मा भत्ता लिन चाहेमा नविकरणका लागि अनिवार्य रुपमा २०७५ साल मंसिर १५ गते सम्ममा दरखास्त दिनु पर्नेछ। सो सूचना वमोजिम दर्ता तथा नविकरणका लागि दरखास्त नदिने लाभग्राहीहरुले २०७६ साल श्रावण महिना देखि भत्ता प्राप्त गर्न नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ। थप जानकारीको लागि सम्वन्धित वडा कार्यालयमा सम्पर्क गर्नु हुन समेत अनुरोध छ।

.....
मुक्तिराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत